**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः २१ अप्रेल २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. राज्यका राज्यपाल डा. सी.भी. आनन्द बोसलाई मुटुमा समस्या भएपछी अस्पतालमा भर्ना गरिएको छ। मुख्यमन्त्री ममता बनर्जीले लिनुभयो अस्पताल पुगेर उहाको स्वास्थ्य अवस्थाबारे जानकारी
२. प्रधानमन्त्री नरेन्द्र मोदीले युवा, किसान र महिलाका आकाङ्क्षा पूरा गर्न असाधारण गतिको आवश्यकता रहेको बताउनु भएको छ।
३. पोप फ्रान्सिसको ८८ वर्षका उमेरमा आज भ्याटिकन सिटीमा निधन, प्रधानमन्त्री नरेन्द्र मोदीले गर्नुभयो दुःख व्यक्त।
४. पश्चिम बंगालमा प्राथमिक शिक्षकहरूको नियुक्ति रद्द गर्ने सम्बन्धी मुद्दाको सुनुवाइ २८ अप्रिलमा हुनेछ।

अनि

५. दार्जिलिङ शहरको ट्राफिक जामको कारण दैनिक रुपमा सर्वसाधारण समस्यामा

**राज्यपाल अस्पताल भर्ना**

पश्चिम बंगालका राज्यपाल डा. सी.भी. आनन्द बोसलाई आज दिउँसो दक्षिण कोलकाताको कमान्ड अस्पतालमा भर्ना गरिएको थियो। नियमित स्वास्थ्य जाँचको क्रममा, डाक्टरहरूले उहाको मुटुमा अवरोध भएको पत्ता लगाएपछि उहालाई कुनै ढिलाइ नगरी अस्पताल भर्ना गरियो। राजभवन स्रोतका अनुसार राज्यपाल आज आफ्नो नियमित स्वास्थ्य जाँचका लागि अस्पताल पुग्नु भएको थियो | जाँचको क्रममा, डाक्टरहरूले मुटुसँग सम्बन्धित केही समस्याहरू थाह पाएपछि सावधानीको रूपमा उहालाई तुरुन्तै भर्ना गर्ने निर्णय गरे। राज्यपालको अस्पताल भर्ना भएको खबर पाउने बित्तिकै मुख्यमन्त्री ममता बनर्जी कमाण्ड अस्पताल पुगेर उहाको स्वास्थ्य अवस्थाबारे जानकारी लिनु भएको थियो। अस्पतालबाट बाहिर निस्कँदै मुख्यमन्त्रीले भन्नु भयो , "म राज्यपालको स्वास्थ्य अवस्था बुझ्न आएकि थिएँ। अब म मिदनापुर जाँदैछु। भोलि कार्यक्रमहरू पछि म कोलकाता फर्कनेछु।"उल्लेखनीय छ कि राज्यपाल बोस शनिबार राति नै मुर्शिदाबाद जिल्लाको दुई दिने भ्रमणबाट फर्किनु भएको थियो।

**प्रधानमंत्री सिविल सेवा दिवस**

प्रधानमन्त्री नरेन्द्र मोदीले युवा, किसान र महिलाका आकाङ्क्षा पूरा गर्न असाधारण गतिको आवश्यकतामा जोड दिनुभएको छ भने देशवासीको सपना अभूतपूर्व उचाइमा पुगेको बताउनु भयो। यसका साथमा उहाँले सरकारले काम गरिरहेको नीति र उसले लिने निर्णयले आगामी हजार वर्षको भविष्यलाई आकार दिने बताउनु भयो। उहाँले अझ भन्नुभयो समग्र विकास भन्नाले हरेक घरमा स्वच्छ पानी, हरेक बालबालिकालाई गुणस्तरीय शिक्षा, हरेक उद्यमीलाई वित्तीय पहुँच र हरेक गाउँमा डिजिटल अर्थव्यवस्थाको लाभ पुरयाउनु हो।१७ औँ सिविल सेवा दिवसका अवसरमा आज नयाँ दिल्लीमा सिविल सेवकहरुलाई सम्बोधन गर्दै प्रधानमन्त्रीले सो कुरा बताउनुभएको हो

**पोप फ्रान्सिसको निधन**

रोमन क्याथोलिक चर्चका धर्मगुरु पोप फ्रान्सिसको आज भ्याटिकन सिटीमा निधन भयो। उहाँ ८८ वर्षका हुनुहुन्थ्यो। उहा पछिल्ला केही हप्तादेखि बिरामी हुनु हुन्थ्यो। पोप फ्रान्सिस पहिलो ल्याटिन अमेरिकी पोप हुनु हुन्थ्यो अनि चर्चको इतिहासमा सबैभन्दा पुरानो पोपहरू मध्ये एक हुनुहुन्थ्यो।यसैबीच प्रधानमन्त्री नरेन्द्र मोदीले पोप फ्रान्सिसको निधनप्रति दुःख व्यक्त गर्दै विश्वभरका क्याथोलिक समुदायप्रति समवेदना व्यक्त गर्नुभएको छ। एक सोशल मीडिया पोस्टमा श्री मोदीले 'पोप फ्रान्सिसलाई विश्वभरका लाखौं मानिसले करुणा, नम्रता र आध्यात्मिक साहसका प्रतीकका रूपमा सधैं सम्झने बताउनु भयो

**सर्वोच्च न्यायालय -पश्चिम बंगाल**

सर्वोच्च न्यायालयले पश्चिम बङ्गालको मुर्शिदाबादमा वक्फ संशोधन कानूनलाई लिएर भएको हिंसाको मद्देनजर अर्धसैनिक बल तैनाथ गर्न माग गर्दै दायर गरिएको याचिका आज खारेज गरिदिएको छ । यस मुद्दालाई तत्काल सूचीबद्ध र निर्देशनको माग न्यायाधीश बी.आर. गवई र ऑगस्टीन जॉर्ज मसीह पीठ समक्ष गरिएको थियो। याचिकाकर्ताले तत्काल अर्धसैनिक बलको तैनाथी र संविधानको धारा ३५५ लागू गर्न माग गरेका थिए । जवाफमा न्यायाधीश गवईले न्यायालयमाथि कार्यपालिका र विधायिकाको काममा हस्तक्षेप गरेको आरोप लागिरहेको बताउनु भयो । सर्वोच्च न्यायालयले राज्यपाल र राष्ट्रपतिलाई राज्य विधानमंडल द्वारा पारित गरेका विधेयकहरू निर्धारित समयसीमाभित्र अनुमोदन गर्न निर्देशन दिएको विषयमा हालै उठेको विवादको सन्दर्भमा यो टिप्पणी गरिएको थियो। संविधानको धारा ३५५ ले प्रत्येक राज्यलाई बाह्य आक्रमण र आन्तरिक अशान्तिबाट बचाउँछ र प्रत्येक राज्यको सरकारलाई संविधानको प्रावधानअनुसार काम गर्न स्वतन्त्रता प्रदान गर्दछ । मुर्शिदाबाद हिंसाको छानबिनका लागि सर्वोच्च अदालतका अवकाशप्राप्त न्यायाधीशको अध्यक्षतामा तीन सदस्यीय समिति गठन गर्न माग गरिएको छ

**बीजेपी- मुर्शिदाबाद**

केन्द्रीय शिक्षा राज्यमन्त्री तथा पश्चिम बंगाल भाजपा प्रदेश अध्यक्ष डा. सुकान्त मजुमदारले आज पश्चिम बंगालको मुर्शिदाबाद जिल्लाको शमशेरगंजको भ्रमण गर्नुभयो । डा. मजुमदारले गाउँलेहरूलाई त्यस क्षेत्रमा सीमा सुरक्षा बलको क्याम्प स्थापना गर्ने आश्वासन दिनुभयो। भ्रमनको क्रममा उहाँले जाफराबादमा मृतक हरगोविन्द दास र चन्दन दासका परिवारलाई पनि भेट गर्नुभयो। १२ अप्रिलमा आक्रोशित भीडले हरगोविन्द दास र चन्दन दासको हत्या गरेको थियो। यस घटनामा पुलिसले चार जनालाई पक्राउ गरेको छ। वक्फ संशोधन अधिनियमको विरोधको नाममा भएको घटनाको छानबिन गर्न गाउँलेहरूले राष्ट्रीय जांच एजेंसीद्वारा अनुसन्धानको माग गरेका छन्।डा. मजुमदारले गाउँलेहरूलाई उनीहरूको माग केन्द्रीय गृह तथा सहकारी मन्त्री अमित शाहसमक्ष पुऱ्याउने जानकारी दिए। उहाँले घटनाको लागि राज्य सरकार र सत्तारुढ तृणमूल कांग्रेसको आलोचना गर्नुभयो

**पश्चिम बंगाल प्राथमिक शिक्षक सुनुवाई**

पश्चिम बंगालमा प्राथमिक शिक्षकहरूको नियुक्ति रद्द गर्ने सम्बन्धी मुद्दाको सुनुवाइ २८ अप्रिलमा हुनेछ। कलकत्ता उच्च **न्यायालय**ले आज यो जानकारी दिएको हो। अब सुनुवाइ न्यायाधीश तपोब्रत चक्रवर्तीको एकल पिठले गर्नेछ। यसअघि, सुनुवाइ ७ अप्रिलमा हुने तय भएको थियो तर न्यायाधीश सौमेन सेनले व्यक्तिगत कारण देखाउँदै मुद्दाबाट आफूलाई अलग राख्नु भएको थियो । उहालाई हटाइएपछि, यो मुद्दा मुख्य न्यायाधीश **टीएस शिवगणनम समक्ष** पुग्यो, जसले अब नयाँ मिति र नयाँ न्यायिक बेन्च तय गर्नु भएको छ । यो मुद्दा ७ अप्रिलमा न्यायाधीश सौमेन सेन र न्यायाधीश स्मिता दास देको **खंडपीठ समक्ष** सुनुवाइको लागि सूचीबद्ध गरिएको थियो तर न्यायाधीश सेनको अचानक फिर्ताले कार्यवाही रोकियो। यसपछि वकिलहरूले मुद्दालाई तुरुन्तै सुनुवाइ गर्न सक्ने बेन्चमा पठाउन अपील गरे। यो मागका बीच, अब सुनुवाइ २८ अप्रिलको लागि तय गरिएको छ

**ट्राफिक**

दार्जिलिङ पहाड वासीहरुले सामना गर्दै आएका विभिन्न समस्याहरू मध्यैमा एउटा समस्या हो दार्जिलिङ शहरको ट्राफिक जाम । मुख्यत दार्जिलिङ शहर भित्रिने एउटै मात्र मार्ग भएकोले यो समस्या देखा परेको छ ।

**सोनादा**

सोनादा पुलिस आउट पोष्ट अनि सोनादा ट्राफिक पुलिस गार्डको आयोजनामा दुई दिवसीय पुलिस पब्लिक फ्रेण्डशीप भेटरेन फुटबल टुर्नामेन्ट सम्पन्न भएको छ। भालुटार खेल मैदानमा सम्पन्न खेलमा 40 वर्ष माथिका उमेरकाहरुले निकै उत्साहजनक भाग लिएका थिए भने टुर्नामेन्टमा जम्मा 10 वटा टिमहरुले भाग लिएका थिए। यस फुटबल टुर्नामेन्टको फाइनल खेल भूतपूर्व सैनिक सोनादा र सोनादा भेटरेन रेडमाझ सम्पन्न भयो जसमा भूतपूर्व सैनिक सोनादाले 3-1 को अन्तरले जित्न सफल बनेको छ।

## १७ औ कर्मापा

१७औँ कर्मापा, त्रिन्ले थायेदोर्जे कालेबुङ आइपुग्नु भयो। यसअवधि उहाँलाई कालेबुङ भव्य स्वागत जनाइएको छ भने उहाँको आगमनपश्चात् दिवाकर बुद्धिस्ट एकाडेमीमा धार्मिक कार्यक्रमहरू शुरू गरिएको छ। यसका साथमा उक्त कार्यक्रमको समापन आगामी 27 अप्रेलको दिन हुने आयोजक समितिले जनाएको छ।

## बन्दना सुब्बा

रिम्बिकमा आयोजित बुद्ध ट्रेल रनमा बिजनबारी क्षेत्रकी धावक बन्दना सुब्बाले ३० किलोमिटर महिला बर्गमा प्रथम बनेकी छन। उनले उक्त कठिन दौड केवल तीन घण्टा छ मिनेटमा पुरा गर्दै पुरानो सम्पुर्ण रेकर्डहरु तोडेकी छन। दार्जिलिङ पुलबजार खण्ड अधिनस्त नयाँ नोर ग्रामको लोवर किजोम निवासी यी धावकले आफ्नो वर्गमा उत्कृष्ट दौड लगाउदै महिला बर्गमा बिजेता बनेका हुन। रिम्बिक रनर्स कल्बको सदस्य बन्धनाको यो ट्रेल रनमा हालसम्मको सबैभन्दा ठुलो उपलब्धि हो

## मुस्कान थापा

मंग्पू निवासी श्रीमति मुस्कान थापाले वसुधा सौन्दर्य प्रतियोगिता २०२५ को खिता जितेकी छन। विवाहित नारीहरूलाई उनीहरूमा भएको प्रतिमा देखाउने एउटा मंच प्रदान गर्ने उद्देश्य लिएर निलिमा इटस्टेमेन्टको ब्यानरमा उक्त प्रतियोगिता रंगली चियापारीको सार्वजनिक भवनमा आयोजित आयोजित गरियो भने श्रीमति प्रियंका लेप्चा पट रनरअप तथा श्रीमति विन्दु खवास सेकेण्ड रनरअप भइन्। विजयी प्रतियोगीहरूलाई आयोजक समितिको पक्षबाट पुरस्कार प्रदान गरियो।